**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०५।१९ गतेको ३४ औं बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०५।१९ गतेको ३४ औं बैठकका निर्णयहरुः**

१. आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन हुने विभिन्न कार्यक्रमहरुको यस गाउँपालिकाका विभिन्न शाखाहरुले तयार पारेको कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको आधारमा स्वीकृत गर्ने निर्णय गरियो ।

२. गाउँपालिकाको जग्गा व्यवस्थापन गर्दा केही जग्गादाताहरुले सट्टामा जग्गा पाउन नसकेको भन्ने विषयको यथार्थ अध्ययन गरी सम्बन्धित पक्षलाई बोलाइ छलफल गरी अमिनको समेत व्यवस्था गरी उपयुक्त माध्यमबाट जग्गा उपलब्ध गराउन पहल गर्न वडा नं. २ को वडा अध्यक्ष तथा गाउँपालिका प्रवक्ता श्री यादव प्रसाद अर्याललाई जिम्मा दिने निर्णय गरियो ।

३. यस गाउँपालिकाको वडा नं. ३ को बसन्तपुर क्षेत्रलाई मध्यनजर गरी सञ्चालन भएको लुम्बिनी केवलकारसँग बसन्तपुर क्षेत्रमा बनेको कामाख्य देवी मन्दिरमा उठेको भेटी लगायत केवलकारले निर्माण गर्ने र सञ्चालन गर्ने विभिन्न संरचनाहरुको समेत जानकारी लिई सम्झौता गर्ने निर्णय गरियो ।

४. रेडियो मुक्ती ९५.५ लाई तिज गित प्रतियोगिता सञ्चालनको लागि १० हजार रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

५. तपशिल अनुसाका कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क. स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०८०

ख. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधी, २०८०

ग. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी, २०८०

६. आ.व. २०८०/८१ को लागि स्वास्थ्य तर्फ औषधी खरिदको लागि जम्मा व्यवस्था भएको रकम रु. १७,२४,०००।- मा रु. २,६६,७३९।६० रकम थप गरी औषधी खरिदको लागत अनुमान रु. १९,९०,७३९।६० कायम गरी औषधी खरिदको प्रकृया अगाडी बढाउन अनुमती दिने निर्णय गरियो ।

७. यस गाउँपालिकाका लेखा अधिकृत श्री शंकर पुरीलाई अध्ययन/तालिममा नियमानुसार जान सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।